# लुम्बिनी प्रदेशमा लगाईने धान बालीका केही रैथाने/स्थानीय जातहरु




लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

बुटवल, नेपाल

फोन नं. ०७१-५३३१०५, ०७१-५३३१०६

Website : https://doad.lumbini.gov.np

Email: doad.p5@gmail.com, doadplanningp5@gmail.com

# लुम्बिनी प्रदेशकामा लगाईने धान बालीका केही रैथाने/स्थानिय जातहरु

## २०८१/८२

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

**कृषि विकास निर्देशनालय**

**बुटवल, नेपाल**

फोन : ०७१- ५३३१०५, ५३३१०६

Website : https://doad.lumbini.gov.np

Email: doad.p5@gmail.com, doadplanningp5@gmail.com

**लेखकः**

**राम प्रसाद पाण्डे**

कृषि प्रसार निर्देशक

**प्रकाशकः**

कृषि विकास निर्देशनालय, बुटवल

फोन : ०७१- ५३३१०५

ई-मेल doad.p5@gmail.com

doadplanning.p5@gmail.com

Website : https://doad.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल
(माननीय मन्त्रीज्यूको सचिवालय)


मा. दिनेश पन्थी
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
dineshpanthi96@gmail.com
९८५७०८५२२५, ९८४१६५५०१८


प.सं. ०८१।०८२
च.नं. ६८

मिति: २०८२/०१/२४

शुभकामना



नेपालको परम्परागत खाद्य प्रणालीमा विभिन्न किसिमका रैथाने तथा स्थानीय खाद्यान्न, दलहन, तेलहन, कन्दमूल जन्य वस्तुको महत्वपूर्ण योगदान रहँदै आएको पाइन्छ। स्थानीय स्तरमा सदियौं देखि खेति भैरहेका रैथानेबाली जलवायू परिवर्तित अवस्थामा पनि उत्पादन दिन सक्ने र उन्नत जात विकासका निमित्त आवश्यक अनुवांशिक स्रोतको रुपमा समेत उपयोग गर्न सकिने भएकोले यि बाली संरक्षण तथा प्रवर्द्धन गर्नु पर्दछ। नेपालका रैथाने बालीहरुमा मानव पोषणका लागि आवश्यक तत्वहरु प्रशस्त मात्रामा पाइने विभिन्न लेखहरुमा उल्लेख गरिएको पाईन्छ। त्यसैले खाद्य तथा पोषण सुरक्षाका निम्ति यी बालीहरुको उपयोगमा बढोत्तरी ल्याउनु आजको आवश्यकता रहेको छ।

नेपालको संविधान, आवधिक योजना, राष्ट्रिय कृषि नीति, कृषि विकास रणनीति, कृषि जैविक विविधता नीति र प्रादेशिक कृषि विकास रणनीतिमा रैथाने तथा स्थानीय महत्वका बालीवस्तुहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न जोड दिएको छ। रैथाने बालीको मूल्यश्रृङ्खलाका विभिन्न चरणहरु जस्तैः उत्पादन सामग्री सेवा, उत्पादन, प्रशोधन, संकलन, बजारीकरणमा कृषकहरुलाई आवस्यक सहयोग गर्ने कृयाकलापहरु संघ, प्रदेश र स्थानीय तहहरुले संचालन गरिरहेका छन्। नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्व बोकेका लुम्बिनी प्रदेशका विभिन्न भुगोलमा पाइने रैथाने तथा स्थानीय धान बालीको पहिचान र तिनका विशेषता समेटी कृषि विकास निर्देशनालय, बुटवलबाट प्रकाशित हुनलागेको लुम्बिनी प्रदेशमा लगाईने धान बालीका केहि रैथाने/स्थानीय जातहरु सम्बन्धि पुस्तिकाले लुम्बिनी प्रदेशमा खेती गरिने धान बालीका रैथाने तथा स्थानीय जातहरु पहिचान, संरक्षण र प्रवर्द्धन गर्न किसान तथा अन्य सरोकारवालाहरुलाई सहयोग पुग्ने अपेक्षाका साथ हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

दिनेश पन्थी
मन्त्री

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः
च.नं.:

मितिः..................................

# शुभकामना

राष्ट्रको खाद्य सुरक्षामा उल्लेख्य योगदान पुर्‍याउने धान साँस्कृतिक महत्व बोकेको र राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुर्याउने प्रमुख बाली मध्येको एक हो। नेपालमा परापूर्व कालदेखि नै विभिन्न भौगोलिक क्षेत्रमा धानखेती हुँदै आएको पाइन्छ। प्रदेशका विभिन्न क्षेत्रमा बर्षौंदेखि रैथाने र स्थानीय जातका धान लगाउने गरिएको भए तापनि ती जातको पहिचान तथा प्रचारप्रसार नभएकाले ओझेलमा परेको देखिन्छ । यसै सन्दर्भमा कृषि विकास निर्देशनालय, बुटवलले तयार गरेको रैथाने तथा स्थानीय जातका धान बालीको परिचयात्मक विवरण सहितको यो पुस्तिका सबैलाई उपयोगी हुनेछ भन्ने अपेक्षा गर्दै यसको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुगोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**यामनारायण देवकोटा**
सचिव

## सोधकर्ताको कलमबाट

पृथ्वी सवै जीवजन्तु र बनस्पतीको साझा घर हो। प्रत्येक जीवजन्तु तथा बनस्पतीहरुको पारस्थितिक प्रणालीमा महत्वपुर्ण भुमिका रहन्छ। कुनै पनि जीवजन्तु वा बनस्पतीको अस्तित्व लोप हुनु भनेको हाम्रो साझा घरमा समस्या पैदा हुनु हो त्यसैले प्रत्येक जीवजन्तु तथा बनस्पतीको संरक्षण आवस्यक छ। यी जैविक विविधताहरुको लोप हुनुमा मानविय कारण प्रमुख रुपमा रहेको छ। खाद्य तथा पोषण सुरक्षाको लागी बढी उत्पादन दिने जातहरुको खोजि तथा प्रयोग संगसगै सदियौ देखी लगाईदै आएका रैथाने/स्थानिय जातहरुको प्रयोगमा ह्रास आई पृथ्वीबाट नै लोप हुने अवस्थामा छन्। त्यस्ता लोपोन्मुख जातहरुको सम्बर्धन र संरक्षणको लागी पहलकदमी आवस्यक छ र त्यसका लागी ति जातहरुको अवस्था, चरित्र, उपयोगिता, गुणहरु आदीको बारेमा अध्ययन तथा अनुसन्धान महत्वपूर्ण कार्य रहन्छ।

यस पुस्तिकामा लुम्बिनी प्रदेशमा लगाईने धानबालीका रैथाने/स्थानिय जातहरुका वारेमा अध्ययन तथा अभिलेखिकरण सुरु गरिएको छ। यो अध्ययन प्रारम्भिक अध्ययन भएकोले अझ बढी सूचनाहरु संकलन तथा अभिलेखिकरण आवस्यक छ। पुस्तिकामा समावेश गरिएका जातहरुमात्र यस प्रदेशमा लगाईने रैथाने/स्थानिय जातहरु होईनन् धेरै जातहरु छुटेका छन्। ती छुट हुन गएका जातहरुलाई आगामी वर्षहरुमा अध्ययन गर्दै थप्ने तथा अझ बढी सूचना संकलन गरेर पुस्तिकालाई पूर्ण बनाउदै लैजाने कार्य आवस्यक हुन्छ। अध्ययनको क्रममा सदियौ देखी रैथाने/स्थानिय धानका जातहरुको संरक्षण गरी महत्वपूर्ण सूचना प्रदान गर्नुहुने कृषक साथीहरु धन्यवादका पात्र हुनुहुन्छ। यो पुस्तिकाले अनुसन्धान तथा अन्वेषण कार्यमा सक्रिय ब्यक्ति, नीति निर्माता, रैथाने/स्थानिय जातहरुको बारेमा अध्ययन गर्ने बिद्यार्थी, संरक्षणकर्ता तथा रुचि राख्ने पाठकलाई थोरै भए पनि सूचना प्रदान गर्ने विस्वास लिईएको छ।

**राम प्रसाद पाण्डे**
कृषि प्रसार निर्देशक

# बिषयसूचि


| क्र.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपालमा धानखेतीको इतिहास | १ |
| ३. | रैथाने जातको महत्व | २ |
| ४. | प्रदेशमा लगाईने रैथाने/स्थानिय जातहरु | ४ |
| ४.१. | आंपझोते धान | ४ |
| ४.१.१. | परिचय | ४ |
| ४.१.२. | जातिय गुंण तथा विशेषताहरु | ५ |
| ४.१.३. | उपयोग | ६ |
| ४.१.४. | फैलावट | ६ |
| ४.१.५. | तथ्यांकीय विवरणः | ६ |
| ४.२. | झिनुवा | ७ |
| ४.२.१. | परिचय | ७ |
| ४.२.२. | जातिय गुंण तथा विशेषताहरु | ८ |
| ४.२.३. | उपयोग | ९ |
| ४.२.४. | फैलावट | ९ |
| ४.२.५. | तथ्यांकीय विवरण | १० |
| ४.३. | कालानमक | ११ |
| ४.३.१. | परिचय | ११ |
| ४.३.२. | जातिय गुंण तथा विशेषताहरु | १२ |
| ४.३.३. | उपयोग | १२ |
| ४.३.४. | फैलावट | १३ |
| ४.३.५. | तथ्यांकीय विवरण | १३ |
| ४.४. | गोपालभोग | १४ |
| ४.४.१. | परिचय | १४ |
| ४.४.२. | जातिय गुंण तथा विशेषताहरु | १५ |
| ४.४.३. | उपयोग | १५ |
| ४.४.४. | फैलावट | १६ |

| क.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| ४. ४.५. | तथ्यांकीय विवरण | १६ |
| ४.५. | घिउपुरी | १७ |
| ४.५.१. | परिचय | १७ |
| ४.५.२. | जातिय गुंण तथा विशेषताहरु | १८ |
| ४.५.३. | उपयोग | १८ |
| ४.५.४. | फैलावट | १८ |
| ४.५.५. | तथ्यांकीय विवरण | १९ |
| ४.६. | तिल्की | १९ |
| ४.६.१. | परिचय | १९ |
| ४.६.२. | जातिय गुंण तथा विशेषताहरु | २० |
| ४.६.३. | उपयोग | २१ |
| ४.६.४. | फैलावट | २१ |
| ४.६.५. | तथ्यांकीय विवरणः | २१ |
| ४.७. | ढलुवा | २२ |
| ४.७.१. | परिचय | २२ |
| ४.७.२. | जातिय गुंण तथा विशेषताहरु | २३ |
| ४.७.३. | उपयोग | २४ |
| ४.७.४. | फैलावटः | २५ |
| ४.७.५. | तथ्यांकीय विवरण | २५ |
| ४.८. | रातो अनदी | २५ |
| ४.८.१. | परिचय | २५ |
| ४.८.२. | जातिय गुंण तथा विशेषताहरु | २६ |
| ४.८.३. | उपयोग | २७ |
| ४.८.४. | फैलावट | २८ |
| ४.८.५. | तथ्यांकीय विवरण | २८ |
| ४.९. | सिम्थारो | २८ |
| ४.९.१. | परिचय | २८ |
| ४.९.२. | जातिय गुंण तथा विशेषताहरु | २९ |
| ४.९.३. | उपयोग | ३० |

| क्र.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| ४.९.४. | फैलावट | ३० |
| ४.९.५. | तथ्यांकीय विवरण | ३१ |
| ४.१०. | सेतो अनदी | ३१ |
| ४.१०.१. | परिचय | ३१ |
| ४.१०.२. | जातिय गुंण तथा विशेषताहरु | ३२ |
| ४.१०.३. | उपयोग | ३३ |
| ४.१०.४. | फैलावट | ३३ |
| ४.१०.५. | तथ्यांकीय विवरण | ३४ |
| ४.११ | हंशराज | ३४ |
| ४.११.१. | परिचय | ३४ |
| ४.११.२. | जातिय गुंण तथा विशेषताहरु | ३५ |
| ४.११.३. | उपयोग | ३५ |
| ४.११.४. | फैलावट | ३६ |
| ४.११.५. | तथ्यांकीय विवरण | ३७ |
| ५. | निष्कर्ष | ३७ |
| | सन्दर्भ सामाग्रीहरु | ३८ |

## १. परिचय

धान नेपालको प्रमुख खाद्यान्न वाली हो। धान खेती परापूर्व काल देखि नै गरिदै आएको छ। नेपालमा धान खेती तराईको समथर फांटहरु (औषत समुद्र सतह भन्दा ५० मिटर माथि) देखी मध्य पहाड र उच्च हिमाली उपत्यकाहरु (औषत समुद्र सतह भन्दा ३०५० मिटर माथि) सम्म खेती गरिन्छ।लुम्बिनी प्रदेशमा तराईका फांटहरु, तल्लो पहाड तथा मध्य पहाडका नदि किनारका फांटहरु देखी उच्च पहाडि जिल्ला रुकुम पूर्वमा समेत धान खेती गर्ने गरिन्छ। प्रदेशमा धान वाली ३०१८०९ हेक्टर क्षेत्रफलमा खेती गरिन्छ भने ३.८ मेट्रिक टन प्रति हेक्टर उत्पादकत्वका दरले ११४९३३६ मेट्रिक टन उत्पादन हुन्छ। प्रदेशका सवभन्दा वढी धान लगाईने जिल्लाहरुमा कपिलवस्तु र रुपन्देही प्रमुख हुन् जसले धान खेती गरिने कुल क्षेत्रफलको क्रमशः २१.८२% र २१.०६% हिस्सा ओगटेका छन्। प्रदेशमा सवभन्दा कम धान लगाईने जिल्ला रुकुम पूर्व हो जहां कूल धान क्षेत्रफलको १.४६% क्षेत्रफलमा मात्र धान खेती गरिन्छ (कृषि विकास निर्देशनालय, २०८०)।प्रदेशमा धानवालीले कूल खाद्यान्न बाली उत्पादनको ५६.१५% हिस्सा ओगटेको छ भने प्रदेशको कूल उपभोग्य खाद्यान्नमा ४३.८७% योगदान गरेको छ।

## २. नेपालमा धानखेतीको इतिहास

नेपालमा धानबाली कहिले देखि खेति गरिदै आयो भनेर यकिन साथ भन्न सकिने बलियो प्रमाण भेटिदैन। तथापि स्वेने र म्याक्कच (Sweeney & McCouch, 2007) ले वर्णन गरे अनुसार एसियाली धानको प्रजाती चिनको याङ्सी नदि उपत्यकामा झण्डै ईसा पूर्व १२०००-११००० मा रहेको प्रमाणहरु अध्ययन तथा खोजका क्रममा लेखिएका लेखहरु प्रमाणको रुपमा भेटिन्छन्। यसैगरी भारतिय उप-महादिपमा नव-पाषण काल (Neolithic) को अन्त तिर झण्डै ईसापूर्व ७०००-५००० बर्ष पहिले गंगानदी उपत्यकामा मानव अस्तित्व संगै धानबाली उपभोग गर्ने गरेको प्रमाणहरु रहेको भनेर बर्णन गरेका छन्। त्यस समयबाट धानबाली

बिभिन्न माध्यमहरुबाट प्रशारण हुदै नेपाल लगायत दक्षिण एसियाली देशहरुमा फैलिएको अनुमान गर्न सकिन्छ।

धानबालीका जातहरुको इतिहासका वारेमा वाई.एल. नेनेको (Nene, 2005) लेख अनुसार केहि जानकारी पाउन सकिन्छ। ईसापूर्व ७०० वर्ष पहिले चरकाले आफ्नो ग्रन्थमा उल्लेख गरेको भनेर उनै नेनेले वर्णन गरे अनुसार धानबालीका विभिन्न जातहरु त्यस वेला देखि नै अस्तित्वमा रहेको प्रमाणहरु भेटिन्छ। उक्त लेखमा वर्णन गरे अनुसार धानबालीका जातहरुमा *रक्तशाली* (रातो), *महाशाली* (ठुलो दाना र सुगन्धित), *कलमा* (मोटो डाँठ हुने), *शकुनरिता* (घुमेको), *तुरनका* (छिटो पाक्ने), *दीर्घशुक* (लामो जुङ्गा भएको), *पाण्डुका* (पहेंलो), *सुगन्धिका* (वास्नादार), *लोहावल* (रातो), *तपनिका* (सुनौलो तथा तातो हावापानीमा हुने) प्रमुख जातहरु रहेको देखिन्छ। धानका जातहरुको नामाकरण जातिय गुणको आधारमा बर्गिकरण गरिएको देखिन्छ। हाल यस क्षेत्रमा लगाईएका जातहरु पनि यस्तै गुणहरु रहेको पाईएकोले तेतिवेलाकै जातहरुको खेती गर्ने प्रचलनको निरन्तरता हो भनेर अनुमान गर्न सकिन्छ।

## ३. रैथाने जातको महत्व

लुम्बिनी प्रदेशमा कृषकहरुले मुख्य गरेर ३ किसिमका धानवाली लगाउने गरेको पाईन्छ।यस अन्तरगत, परापूर्वकाल देखिनै लगाईने रैथाने/स्थानिय जातहरु, अनुसन्धान प्रणालीवाट विभिन्न प्रविधि मार्फत विकसित गरिएका खुला सेंचित जातहरु र बाली प्रजनन बिधि मार्फत विकसित गरिएका बर्णशंकर जातहरु पर्दछन्। अनुसन्धान प्रणालीवाट विभिन्न प्रविधि मार्फत विकसित गरिएका खुला सेंचित जातहरु र बाली प्रजनन बिधि मार्फत विकसित गरिएका बर्णशंकर जातहरुको प्रयोग अनुसन्धानबाट प्राप्त सिफारिसका आधारमा गरिन्छ भने रैथाने जातहरुको प्रयोग कृषकहरुले ति जातहरुको स्थानिय महत्वका आधारमा खेती गरिरहेको पाईन्छ। स्थानिय माग कम हुदै जांदा यस्ता जातहरुको क्षेत्र घट्न गै कालान्तरमा जात नै सृष्टिवाट लोप हुनसक्ने सम्भावना रहन्छ। त्यसकारण जैविक विविधता संरक्षणको

लागी यस्ता जातहरुको संरक्षण महत्वपूर्ण रहन्छ। यसै गरी पत्र र अन्य सोधकर्ता (Patra et al., 2018) का अनुसार रैथाने वाली संरक्षणको महत्व भविष्यको लागी उत्पादनशिल क्षमता भएका, रोगकिरा प्रतिरोधि, अजैविक तनाव सहनसक्ने (जस्तै कम मलिलो जग्गामा उत्पादन दिन सक्ने, बाढी वा सुख्खा पर्दा पनि उत्पादन दिन सक्ने, वेमौषममा लगाउदा पनि उत्पादन दिन सक्ने), उच्च पौष्टिक तत्व भएका जातहरुको विकासको लागी श्रोतको रुपमा उपयोग गर्न महत्वपूर्ण हुने उल्लेख गरेका छन्। यसै गरी इमन र अहमद (Emon & Ahammad, 2020) ले रैथाने जातहरु  बढी उत्पादन क्षमता भएका जातहरुको विकास, उच्च गुण कायम, र वलियो वातावरणीय अनुकुलन क्षमता भएका जातहरुको विकासको लागी अत्यावस्यक हुने भनेर औंल्याएकाछन्।

माथि उल्लेखित कारणहरुले धानबालीका रैथाने जातहरुको संरक्षण किन आवस्यक छ त भन्ने महत्व उजागर गर्दछ। त्यसकारण यस प्रदेश भित्र हाल सम्म कृषक स्तरबाट जोगाई राखिएका र खेती गरिएका धानबालीका रैथाने/स्थानिय जातहरुको स्थलगत अध्ययन कार्य सुरु गरिएको हो। हालाकी यसका लागी छुट्टै नै कार्यक्रम तथा बजेट बिनियोजन गरिएको थिएन। तर अन्य कार्यक्रमहरु अनुगमनको लागी स्थलगत रुपमा कृषकको खेतमा जांदा उपलब्ध भएका जातहरुको विभिन्न चरणमा अध्ययन गरिएको थियो। यसमा संकलन गरिएका सूचनाहरु पूर्ण छन् भनेर दावा गर्न नसकिएता पनि यस प्रदेशमा लगाईने धान बालीका महत्वपूर्ण रैथाने/स्थानिय जातहरुको महत्वपूर्ण सूचना संकलन गरि दस्तावेजको रुपमा तयार गरिएको छ। यसमा संकलन गरिएका रैथानेजातहरु भन्दा अझ धेरै जातहरु प्रदेशमा कृषकहरुले लगाउने गरेको सूचना कृषकहरुबाट प्राप्त भएका छन्। त्यसैले यस लेखलाई प्रारम्भिक लेखको रुपमा लिई अझ बढी सूचना संकलन तथा छुटेका जातहरुलाई समावेस गरी भविस्यमा यो विषयलाई अझ परिमार्जित र परिस्कृत गर्न सकिने यथेष्ट ठाँउ रहेको छ।

# ४. प्रदेशमा लगाईने रैथाने/स्थानिय जातहरु

## ४.१. आंपझोते धान

### ४.१.१. परिचय

गुल्मी जिल्लाको अति कम क्षेत्रफलमा सिमित कृषकहरुले लगाउने आंपझोते धान यस क्षेंत्रमा परापूर्वकाल देखि नै खेती गरिने एउटा महत्वपूर्ण रैथाने जात हो। यो जात मध्यम मलिलो जग्गामा उत्पादन दिने सक्ने र अलि बढी पानी चाहिने भएकोले प्रायः प्रयाप्त सिंचाई सुविधा भएको क्षेत्रमा खेती गरिन्छ। भात नरम हुने हुनाले खानको लागी उत्तम मानिन्छ। झण्डै एक दशक अगाडि सम्म गुल्मी



सत्यवती २, पहाँदी गुल्मीका कृषक श्री वेदनिधि भट्टराईले लगाएको आंपझोते धान

जिल्लाको कालिगण्डकी, सत्यवती तथा अन्य गांउपालिकाका क्षेत्रमा एउटा प्रमुख स्थानिय जात रहेकोमा हिजोआज बढी फल्ने वर्णशंकर तथा उन्नत जातहरुको प्रयोग संगै लोपोन्मुख अवस्थामा पुगेकोछ। हाल काली गण्डकी र सत्यवती गांउपालिकाका सिमित कृषकहरुले अति थोरै क्षेत्रफलमा यो धान लगाएको पाईन्छ। यो जातको

धान आषाढको पहिलो हप्तामा व्याड राख्ने, श्रावणको पहिलो हप्तामा लगाउने र कार्तिकको अन्तिम हप्ता तिर वाली कटानी गर्ने प्रचलन छ।

## ४.१.२. जातिय गुंण तथा विशेषताहरु

यो जातको धानको दाना मध्यम मोटा तथा लाम्चो आकारको हुने, दानाको रंग पहेंलो हुने र बोट मध्यम अग्लो हुन्छ। यो धानको वोटको औषत उचाई १३५ देखी १४५ सेन्टिमिटर हुन्छ र बढी मलिलो माटोमा सो भन्दा पनी वढी हुन सक्छ। अध्ययनको क्रममा यो जातको धानमा नेक ब्लाष्ट रोग बढी लागेको भेटिएको थियो। प्रति गांज वाला लाग्ने सरा संख्या औषतमा ८-१२ वटा सम्म लागेको पाईयो। झण्डे पात मध्यम फराकिलो र मध्यम लामो आकारको हुन्छ।धानको भुसको रंग हल्का पराले रंगको हुन्छ र धानमा चिस्यानको मात्रा १४.४% भएको अवस्थामा १००० दानाको औषत तौल २४.१५५ ग्राम मापन



आंपझोते धानका बालाहरु

गरिएको थियो। धानको वालाको डांढ छोटो हुने र औषत उत्पादकत्व २.९-३.२ मेट्रिक टन प्रति हेक्टर हुने कृषक सर्बेक्षणमा पाईएको थियो।

### ४.१.३. उपयोग

यो धानको चामल विशेष गरेर भात, खिर, झर रोटी, र सेल रोटी वनाएर खान प्रयोग गरिन्छ। यसको चालमबाट बनेको खिर धेरै मिठो हुने कृषकहरुको भनाई रहेको पाईन्छ। पराल नरम हुने हुनाले गाई वस्तुले मन पराउछन् र पशुवस्तुको घाँसको रुपमा वढी प्रयोग हुन्छ। पराल मध्यम अग्लो हुने हुनाले गुन्द्री, चकटी, मुढा बनाउन पनि प्रयोग हुन्छ।

### ४.१.४. फैलावट

आंपझोते धान गुल्मी जिल्लामा लगाईने एउटा महत्वपूर्ण रैथाने जात हो। यो धान गुल्मी जिल्लाको कालिगण्डकी र  सत्यवती गांउपालिकाका नदी किनारका फाँटहरुमा लगाउने गरेको भेटिन्छ। यि बाहेक अन्य क्षेत्रमा हाल यो धान लगाएको सूचना प्राप्त भएको छैन। कृषकहरुले यो जात आधा रोपनी देखी पांच रोपनी क्षेत्रफल सम्म लगाएको भेटिन्छ। यो जातको धानको क्षेत्रफल नगण्य मात्रामा रहेको छ र विस्तारै विस्तारै क्षेत्रफल घट्दो क्रममा रहेको छ।

### ४.१.५. तथ्यांकीय विवरणः

आंपझोते जातको धान कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट रुपमा गुल्मी जिल्लाका कालिगण्डकी र सत्यवती पालिकाहरुको सिंचित क्षेत्रमा नगन्य मात्रामा लगाएको भेटिन्छ। यो जात लोप हुने अवस्था तर्फ उन्मुख छ। अध्ययनका क्रममा कृषक संगको छलफलमा आंपझोते धान गुल्मी जिल्लामा ६ हेक्टर हाराहारी लगाएको अनुमान गरिएको छ। आंपझोते धानको औषत उत्पादकत्व झण्डै २.९-३.२ मेट्रिक टन प्रति हेक्टर मात्र हुने र हाल बढी उत्पादन दिने जातहरुका कारण क्षेत्रफल घट्दो छ।  उत्पादन कम भएता पनि यो धानको बजार मुल्य बढी छ। अन्य धान भन्दा यो जातको धान बढी महंगोमा विक्री वितरण हुने कृषकहरुको अनुभव रहेको छ।

आंपझोते धान औषत उर्वराशक्ती भएको माटोमा पनि उत्पादन राम्रो दिने जात रहेको कृषकहरुको प्रतिकृया पाईएकोछ र कमसल व्यवस्थापन साथै रासायनिक मलखाद विना पनि उत्पादन लिन सकिने महत्वपूर्ण जात भएकोले प्राङ्गारिक खेती तथा अन्य वैकल्पिक खेतीमा समावेश गर्न सकिने प्रचुर संभावना रहेको छ। कम मलिलो जग्गामा पनि उत्पादन हुने, प्राङ्गारिक मल मात्रको प्रयोगबाट पनि राम्रो उत्पादन हुने र वजारमा बढी मुल्य (कृषकका अनुसार १५० रुपिया प्रति किलोग्राम चामल) मा बिक्रि वितरण हुने भएकोले यस जातको आर्थिक महत्व छ भनी अनुमान गर्न सकिन्छ। यस जातको संरक्षण, सम्बर्धन तथा क्षेत्र विस्तारबाट उत्पादन बृद्धि तथा जातिय विकासमा प्रयोग गर्न सकिने संभावना रहेकोले यसको महत्व बढी छ।

## ४.२. झिनुवा

### ४.२.१. परिचय



झिनुवा धानका बालाहरु

झिनुवा जात पाल्पा, अर्घाखांची र प्यूठान जिल्लाका विभिन्न स्थानहरुमा परापूर्वकाल देखी लगाईने  धानको एउटा महत्वपूर्ण रैथाने जात हो। यो जातलाई कतै काठे झिनुवा, कतै सानो लामे भनेर पनि चिनिने पाईएको छ। यो धानको

जात सिंचाई सुविधा भएका समुद्र सतहवाट ८०० मिटर देखी १२०० मिटर उचाईका खेतहरुमा लगाएको पाईन्छ। यसको चामल मोटो र लामो हुन्छ र भातको रुपमा बढी प्रयोग हुने कृषकहरु बताउछन्। पहिले पहिले प्रशस्त क्षेत्रफलमा खेती गरिने यो जात हिजोआज बढी फल्ने वर्णशंकर तथा उन्नत जातहरुले विस्थापित गरे संगै लोपोन्मुख अवस्थामा रहेको छ। कृषकहरुका अनुसार यो जातको धान जेष्ठको अन्तिम हप्ता तिर व्याड राख्ने, आषाढको तेस्रो/चौथो हप्तामा लगाउने र कार्तिकको पहिलो/दोस्रो हप्ता तिर बाली भित्राउने गरिन्छ।

## ४.२.२. जातिय गुंण तथा विशेषताहरु



झिनुवा धान संरक्षण गरिरहेका सन्धिखर्क अर्घाखाँचीका कृषक श्री गणेश बन्जाडे

यो जातको धानको दाना ठुलो, लामो र खैरो रङ्गको हुन्छ। धानको उचाई मध्यम प्रकारको औषतमा ११० देखी १२५ सेन्टिमिटर हुन्छ। वालामा औषत चामल भएको दाना संख्या १०८ वटा हुन्छ भने अध्ययनको क्रममा प्रति वाला दानाको संख्या १०३ देखी ११२ वटा सम्म भेटिएको थियो। त्यसैगरी वालामा पोहोटा धानको औषत संख्या ४० वटा सम्म भएको पाईएको थियो। प्रति गांज वाला लाग्ने सराहरु औषतमा ८-१० वटा हुन्छन्। यो जातको धानमा ब्लाष्ट रोग

कम लाग्ने, रासायनिक मलखादको प्रयोग विना पनि राम्रो उत्पादन लिन सकिने, नाईट्रोजन तत्व बढी भएमा ढल्ने र पाक्नको लागी १२०-१३० दिन लाग्ने कृषकको अनुभव पाईएको थियो। चामल मैलो रंगको हुने, कुनै कुनै चामल रातो पनि हुने र चामल बढी पर्ने यो धानको विशेषता भएको कृषकहरु बताउदछन्। धानमा चिस्यानको मात्रा १५.१% रहेको अवस्थामा १००० दानाको औषत तौल २७.२२ ग्राम मापन गरिएको थियो।

## ४.२.३. उपयोग

यो धानको चामल ठुलो, लामो हुने र भात नरम हुने हुनाले भातको रुपमा बढी प्रयोग हुन्छ। यसका अलावा सेल रोटी, झर रोटीको लागी पनि यसको चामल उत्तम मानिन्छ। यो धानको पराल नरम हुने हुनाले गाई वस्तुले बढी मन पराउदछन् र गाई बस्तुलाई खुवाउन प्रयोग गरिन्छ। यो धानको परालमा च्याउ खेती राम्रो हुने कृषकहरु वताउदछन् । साथै पराल गुन्द्री, चकटी, मुढा आदी बनाउन पनि प्रयोग गरिन्छ।

## ४.२.४. फैलावट

अध्ययनका क्रममा यो रैथाने धानको जात पाल्पा, अर्घाखाँची र प्यूठान जिल्लाका केही स्थानहरुमा लगाएको पाईएको थियो। प्रयाप्त पानी चाहिने जात भएकोले प्राय गरेर ८०० मिटर देखी १२०० मिटर उचाईका खोला किनारका सिंचित फांटहरुमा लगाएको पाईएको थियो। पहिले पहिले धेरै क्षेत्रफल ओगट्ने धानको जात रहेकोमा अन्य बढी फल्ने जातहरुको आगमन संगै यसको क्षेत्रफल हाल अति कम रहेको कृषकहरुको भनाई रहेको छ। बिशेष गरि पाल्पा जिल्लाको माथागढी; अर्घाखांची जिल्लाको सन्धिखर्क, शितगंगा, भूमिकास्थान; र प्यूठान जिल्लाका ऐरावती र मल्लरानी गाँउ पालिकामा सिमित कृषकहरुले यो जातको धान लगाएको भेटिन्छ। यि जिल्ला बाहेक अन्यत्र यो जातको धान लगाएको सूचना प्राप्त भएको छैन ।

## ४.२.५. तथ्यांकीय विवरण

लोप हुने अवस्थामा गै सकेको झिनुवा जातको धान सम्बर्द्धन तथा संरक्षण आवस्यक रहेको छ। यो धानको जात कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट रुपमा पाल्पा जिल्लाको माथागढी; अर्घाखांची जिल्लाका सन्धिखर्क नगरपालिका, शितगंगा नगरपालिका, भुमिकास्थान नगरपालिका र प्यूठान जिल्लाका ऐरावती र मल्लरानी गांउपालिकाका केही सिंचित क्षेत्रमा लगाएको सूचना प्राप्त भएको छ। यस जातको धानको औषत उत्पादकत्व झण्डै ३.०-३.३ मेट्रिक टन प्रति हेक्टर हुने कृषकहरुको अनुभव रहेको छ।उत्पादन कम भएता पनि चामलको बजार मुल्य बढी हुने हुनाले व्यवसायिक खेती गर्दा पनि उत्तम हुने कृषकहरुको भनाई रहेको पाईन्छ।

कमसल व्यवस्थापन तथा रासायनिक मलखाद विना पनि उत्पादन लिन सकिने महत्वपूर्ण रैथाने जात भएकोले प्राङ्गारिक खेती तथा अन्य वैकल्पिक खेतीमा समावेश गर्न सकिने संभावना छ। कम मलिलो जग्गामा पनि उत्पादन हुने, प्राङ्गारिक मल मात्रको प्रयोगबाट पनि उत्पादन लिन सकिने, वजारमा बढी मुल्य (झण्डै १५०-१७५ रुपिया प्रति किलोग्राम सम्म) मा बिक्रि वितरण हुने भएकोले यस जातको आर्थिक महत्व बढी रहेको छ।

## ४.३. कालानमक

### ४.३.१. परिचय



कपिलवस्तुको मायादेवी गांउपालिकामा लगाएको कालानमक धान

नेपालका रैथाने धान मध्ये कालानमक धान लुम्बिनी प्रदेशको कपिलवस्तु, रुपन्देही, र नवलपरासी (ब.सू.प.) जिल्लामा परापूर्वकाल देखी नै लगाईने महत्वपूर्ण रैथाने जात हो। यो धान पाक्नको लागी लामो समय लाग्ने (अन्य उन्नत जात भन्दा झण्डै चार हप्ता सम्म बढी समय लाग्ने), लामो अवधि सम्म पानी चाहिने, अन्यत्र धान कटानी भै सकेपछि विभिन्न रोग तथा किरा प्रकोप बढी हुने र उत्पादन पनि तुलनात्मक रुपमा कम हुने हुनाले कृषकहरुले यसको क्षेत्रफल घटाउदै लगेको पाईन्छ। तथापि यसको चामल मसिनो र वास्नादार हुने हुनाले बजारमा बढी मुल्यमा बिक्रि वितरण हुने अवसरका कारण सिमित कृषकहरुले व्यवसायिक उत्पादन गरि बजारमा बिक्रि वितरण गरिरहेको पाईन्छ। मसिनो र वास्नादार विशिष्ट गुणका कारण कालानमक धानको सुधार गरी शुद्धोधन कालानमकको नाममा उन्मोचन भै कृषकहरुमाझ लोकप्रिय रहेको छ।

## ४.३.२. जातिय गुंण तथा विशेषताहरु

कालानमक धानको दाना मसिनो, सानो आकार र कालो रंगको हुन्छ। बोटको उचाई १४०-१६० सेन्टिमिटर अग्लो हुन्छ। धानमा गाँज संख्या १०-१९ वटा सम्म भएको पाईन्छ। धानको झण्डे पातको चौडाई औषतम १.२ सेन्टिमिटर सम्म हुन्छ भने लम्वाई २२ सेन्टिमिटर सम्म हुन्छ। यस धानको बाहिरी भुसको रंग कालो हुन्छ भने चामल सेतो रंगको हुन्छ। धानमा चिस्यानको मात्रा १४.९% रहेको अवस्थामा १००० दानाको तौल १६.५३ ग्राम मापन गरिएको थियो। यो जातको धान जेष्ठ महिनाको अन्तिम हप्तातिर व्याड राख्ने, आषाढको अन्तिम हप्ता तिर रोप्ने र मंशिर महिनाको दोस्रो हप्तातिर बाली कटानी गर्ने प्रचलन छ।



कालानमक धानको बालाहरु

## ४.३.३. उपयोग

कालानमक धान मुख्य गरेर भात, खिर तथा बिरयानी वनाउनको लागी उत्तम/उपयुक्त मानिन्छ। चामल वास्नादार र मसिनो तथा भात नरम हुने भएकोले

धेरैले मन पराउछन्। बिशेष गरेर चाडवाड र भोज भतेरमा बढी प्रयोग गरिने र भातको रुपमा बढी प्रयोग हुन्छ। खानको लागी अति नै नरम हुने हुनाले विरामी, बच्चा र सुत्केरी महिलाहरुको आहारको लागी लाभदायी हुने कृषकहरुको विश्वास रहेको छ। कालानमक चामल पूजाआजामा पनि उपयोग हुने गर्दछ। यसैगरी यसको पराल पनि वास्नादार र नरम हुने र पशुवस्तुले बढी मन पराउने कृषकको अनुभव हुन्छ।

## ४.३.४. फैलावट

यो जात हाल कपिलवस्तु जिल्लाको मायादेवी गांउपालिका, यसोधरा गांउपालिका, शुद्धोधन गांउपालिका, र कपिलपस्तु नगरपालिका मा सिमित क्षेत्रमा खेती हुन्छ भने कृष्णनगर नगरपालिका र स्यूराज नगरपालिकामा अति कम मात्रामा लगाउने गरिन्छ। रुपन्देही जिल्लाको कोटहीमाई, समरीमाई, मर्चवारी, मायादेवी, रोहिणी गांउपालिकाका केही क्षेत्रमा अति कम मात्रामा लगाएको पाईन्छ। यसै गरी नवलपरासी जल्लामा रामग्राम नगरपालिकाको अति सिमित क्षेत्रमा कालानमक धान लगाएको पाईन्छ।

## ४.३.५. तथ्यांकीय विवरण

कालानमक धानको प्रमुख क्षेत्र कपिलवस्तु जिल्ला हो भने रुपन्देही र नवलपरासीका केहि क्षेत्रमा सिमित कृषकहरुले हालसम्म पनि लगाएको पाईन्छ। आर्थिक वर्ष २०८१/०८२ मा कपिलवस्तु जिल्लामा झण्डै ७४ हेक्टर क्षेत्रफलमा खेती गरिएको कृषि ज्ञान केन्द्रको अनुमान रहेको छ भने रुपन्देही र नवलपरासी जिल्लामा यसको खेति गरिएको क्षेत्रफल एकिन गर्न सकिएको छैन। यो जातको औषत उत्पादकत्व २.८५-३.३५ मेट्रिक टन प्रति हेक्टर सम्म मापन गरिएको छ। पाक्न लामो अवधि लाग्ने, पानी वढि चाहिने, विकशित जातहरुको तुलनामा उत्पादन कम हुने जस्ता कारणहरुले यो जातको क्षेत्रफल घटिरहेको छ।

कालानमक जात धानबालीको महत्वपूर्ण रैथाने जात भएकोले संरक्षण आवस्यक छ। बजारमा कालानमक चामल १५० रुपैया देखी २५० रुपैया सम्म बिक्रि वितरण हुने कृषकहरुको अनुभव रहेको छ। तर रोग तथा किराहरु जस्तै पतेरो, गवारो, होपर आदी को बढी आक्रमण हुने र पाक्न पनि लामो समय लाग्ने हुनाले धान पछि लगाउने हिंउदे वाली लगाउन ढिलो हुन्छ जसका कारण कृषकहरु यो धानको विकल्पमा अन्य जात रोज्न बाध्य भएकाले क्षेत्रफल घट्दो क्रममा रहेको छ।

## ४.४. गोपालभोग

**४.४.१. परिचय** गोपालभोग धान कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाका गहिरो खाला खेतमा लगाईने एउटा महत्वपूर्ण रैथाने/स्थानिय जात हो। यो जात नेपालका साथै उक्त जिल्लाका सिमावर्ती भारतिय क्षेत्रमा पनि लगाईने कृषकहरुको भनाई रहेको छ। यो धान पाक्नको लागी लामो समय लाग्ने र लामो अवधि सम्म पानी चाहिने हुनाले गहिरो खेतमाहरुमा हाल सम्म पनि लगाएको पाईन्छ।



मायादेवी ६ वडसुडवा कपिलवस्तुका कृषक श्री विजय कुमार कुर्मीले लगाएको गोपालभोग धान

कृषकहरुका अनुसार गोपालभोग धान दुई प्रकारका छन् जसमा एउटा अलि वढी अग्लो हुने र एउटा केही होंचो हुने जात पाईएको छ। हाल अति न्यून क्षेत्रमा सिमित कृषकहरुले मात्र खेती गरिरहेका छन्। तथापि यसका विषेश गुणहरु र वजार मुल्य बढी हुने हुनाले थोरै कृषकहरुले लगाईराखेका छन्।

## ४.४.२. जातिय गुंण तथा विशेषताहरु

गोपालभोग धानको दाना मसिनो, सानो आकार र हरियो खैरो रंगको हुन्छ। यो पछौटे जात हो र पाक्नको लागी लामो समय लिन्छ। यस जातको धानको औषत उचाई १५०-१६० सेन्टिमिटर (मलखाद व्यवस्थापन अनुसार उचाई कम बेसि हुने) सम्म हुन्छ। यस जातको धानको प्रति गांज वाला लाग्ने बोटहरु ९-१४ सम्म भेटिन्छ। झण्डे पात सांघुरो र लामो हुन्छ। वालाको डांढ लामो हुन्छ। पातहरु गाढा हरियो रंगका हुन्छ। नपाकेको धानको दानाको रंग पनि हरियो हुन्छ। दाना सारै मसिनो हुन्छ। यो जातको धानमा चिस्यानको मात्रा १५.८% रहेको अवस्थामा १००० दानाको तौल ११.०९ ग्राम मापन गरिएको थियो। यो धानको व्याड जेष्ठ महिनाको अन्तिम हप्ता तिर राखिन्छ। आषाढको अन्तिम हप्ता सम्म रोप्ने कार्य हुन्छ भने कार्तिक महिनाको अन्तिम हप्ता देखी मंशिर महिनाको पहिलो हप्ता सम्म काट्ने गरिन्छ।

## ४.४.३. उपयोग

गोपालभोग धान मुख्य गरेर भात, खिर तथा भक्का/भाका (चामल भिजाउने, भिजेको चामल तेलमा भुट्ने, पानी हाल्दै पकाउने र पाके पछि डल्लो वनाएर खाने एउटा परिकार) वनाउनको लागी उत्तम मानिन्छ। चामल मसिनो तथा भात नरम हुने भएकोले सवैले मन पराउछन्। बिशेष गरेर चाडवाड र भोज भतेरमा बढी प्रयोग हुन्छ। खानको लागी अति नै नरम र स्वादिलो हुने हुनाले तराईका जिमिन्दारहरुले वढी प्रयोग गर्ने भनेर अध्ययनको क्रममा भेटिएको थियो। गोपालभोग चामल पूजाआजामा पनि प्रयोग हुने गर्दछ। यसैगरी यसको पराल नरम

हुने र पशुवस्तुले बढी मन पराउने हुनाले पशुवस्तुको आहारको रुपमा प्रयोग हुन्छ। पराल लामो हुने हुनाले गुन्द्री, चकटी आदी वनाउन पनि प्रयोग गरिन्छ।

## ४.४.४. फैलावट

यो जात हाल कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाका सिमित कृषकहरुले लगाउने जानकारी प्राप्त भएको छ। पाक्न लामो अवधि लाग्ने, पानी वढि चाहिने, विकशित जातहरुको तुलनामा उत्पादन कम हुने हुनाले यसको क्षेत्रफल घटिरहेको छ।

## ४. ४.५. तथ्यांकीय विवरण

गोपालभोग धानको प्रमुख क्षेत्र कपिलवस्तु र रुपन्देही जिल्ला रहेको छ तर कति हेक्टर क्षेत्रफलमा खेती खेती गरिन्छ भन्ने यकिन तथ्याङ्क छैन। केहि कृषकहरु बजारमा बिक्रिको लागी र केहि कृषक घर खानको लागी लगाउने गरेको



गोपालभोग धानको उचाई मापन गरिदै

पाईन्छ। कृषकहरुका अनुसार यो जातको औषतमा उत्पादकत्व ३.०-३.२ मेट्रिक टन प्रति हेक्टर हुन्छ।

बजारमा यसको चामल १८० रुपैया देखी २०० रुपैया सम्म बिक्रि वितरण हुने गरेको कृषकहरुको भनाई रहेको छ। बजारमा बढी मुल्यमा बिक्रि हुने र बढी मुनाफा लिन सकिने भएता पनि रोग तथा किराको बढी आक्रमण हुने र पाक्न लामो समय लाग्ने र धान पछि लगाउने वाली लगाउन ढिलो हुने हुनाले कृषकहरुको कम रोजाईमा परेको छ। अन्य छिटो पाक्ने धानहरु काटि सकेपछि धानमा लाग्ने किराहरु जस्तै पतेरो, गवारो, होपर आदी किराहरु गोपालभोग धानमा पनि आउने हुनाले बढी क्षतिका कारण केहि कृषकहरु विकल्प रोज्न बाध्य भएको बताउछन् ।

## ४.५. घिउपुरी

**४.५.१. परिचय** घिउपुरी जातको धान बर्दिया जिल्लाका विभिन्न स्थानहरुमा परापूर्वकाल देखी लगाईने एउटा महत्वपूर्ण रैथाने जात हो। यो धानको जात



घिउपुरी धान

सिंचाई सुविधा भएको समुद्र सतहवाट ३०० मिटर भन्दा कम उचाईका भूभागमा सिमित कृषकहरुले लगाएको पाईएको छ। चामल मसिनो र लामो हुन्छ र बिशिष्ट परिकार खिरको रुपमा बढी प्रयोग गरिने कृषकहरु बताउछन्। यो जात पनि लोपोन्मुख अवस्थामा रहेको छ। तथापि यसका विशिष्ट गुणका कारण केहि कृषकहरुले यो जातको संरक्षण गरिरहेका छन्।

## ४.५.२. जातिय गुंण तथा विशेषताहरु

धानको दाना मसिनो र हल्का रातो रङ्गको हुन्छ। गाँजमा सराहरुको संख्या साधारण तया ८-१४ वटा सम्म भएको पाईन्छ। धानमा चिस्यानको मात्रा १०% रहेको अवस्थामा १००० दानाको तौल १३.३४७ ग्राम पाईएको थियो। कृषकहरुका अनुसार यो जातको धान जेष्ठको अन्तिम हप्तामा व्याड राख्ने, आषाढको तेस्रो वा चौथो हप्तामा लगाउने र कार्तिकको पहिलो हप्ता तिर बाली भित्राउने गरिन्छ।

## ४.५.३. उपयोग

चामल मसिनो र भात नरम हुन्छ। विशेष परिकार खिरको लागी यो धानको चामल अति उत्तम मानिन्छ। साथै यसको पिठोबाट चामलबाट बन्ने अन्य परिकारहरु पनि वनाउने गरिन्छ। यसको पराल नरम र मिठो हुने हुनाले गाई वस्तुले बढी मन पराउदछन् र गाई बस्तुलाई खुवाउन प्रयोग गरिन्छ। यो धानको परालमा च्याउ खेती राम्रो हुने कृषकहरु वताउदछन् । पराल गुन्द्री, चकटी, मुढा आदी बनाउन पनि प्रयोग गरिन्छ।

## ४.५.४. फैलावट

यो धानको रैथाने जात बर्दिया जिल्लाको बाँसगढी लगायतका स्थानहरुमा लगाउने गरिन्छ। प्रयाप्त पानी भएमा उत्पादन राम्रो हुन्छ। अन्यत्र यो धान लगाएको सूचना प्राप्त भएको छैन।

### ४.५.५. तथ्यांकीय विवरण

लोप हुने अवस्थामा गै सकेको घिउपुरी जातको धान सम्बर्द्धन तथा संरक्षण आवस्यक रहेको देखिन्छ। यो जात कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट रुपमा बर्दिया जिल्लाको बाँसगढी लगायत केही स्थानहरुमा लगाउने कृषकहरुबाट जानकारी प्राप्त भएको छ। यसको उत्पादकत्व २.८-३.० मेट्रिक टन प्रति हेक्टर सम्म हुने कृषकहरुको अनुभव छ।

## ४.६. तिल्की

### ४.६.१. परिचय



घोराही १४ कपासी वगैचा, दाङ्गका कृषक श्री टेक बहादुर ओलीले लगाएको तिल्की धान

तिल्की धान दाङ्ग उपत्यकाको घोराही र तुल्सिपुर क्षेत्रको गहिरो खाला खेतहरुमा लगाईने एउटा महत्वपूर्ण रैथाने जात हो। यो जातलाई बढी पानी चाहिने हुनाले गहिरो भूभाग तथा घोल क्षेत्रमा बढी मात्रामा लगाउने प्रचलन छ। झण्डै दुई दशक अगाडी सम्म उक्त क्षेत्रको लागी धानको प्रमुख जात रहेकोमा हिजोआज बढी फल्ने वर्णशंकर तथा अन्य जातहरु कृषकहरुले ग्रहण गरे संगै यो जातको

क्षेत्रफल घट्दो क्रममा छ। तथापि विषेश गुणहरुका कारण केही ठुला कृषक तथा संरक्षणमा रुचि राख्ने कृषक र संघ संस्थाका कारण फेरी क्षेत्रफल बढ्दो क्रममा रहेको छ। यो जातको धान जेष्ठको तेस्रो/चौथो हप्तामा ब्याड राख्ने, आषाढको तेस्रो/चौथो हप्तामा लगाउने र कार्तिकको तस्रो/चौथो हप्तामा कटानी गर्ने गरिन्छ।

## ४.६.२. जातिय गुंण तथा विशेषताहरु



तिल्की धानका वालाहरु

यो जातको धानको दाना सानो, मसिनो र कालो हरियो रंगको हुन्छ। दाना ज्यादै मसिनो हुने, वोटको उचाई औषतमा १५५ देखी १७० सेन्टिमिटरसम्म अग्लो हुने, वालामा औषत दाना संख्या १६० देखी १७० सम्म हुने, र प्रति गाँज वाला लाग्ने धानको सरा संख्या औषतमा ६-१० वटा सम्म हुन्छ। धानमा चिस्यानको मात्रा १३.६% रहेको अवस्थामा १००० दानाको तौल १५.९० ग्राम पाईएको थियो। धानको वालाको डांढ झण्डै १० सेन्टिमिटर सम्म लामो हुने, झण्डे पात मध्यम चौडा हुने र धानको पातको रंग हल्का हरियो रंगको हुने यसका प्रमुख विशेषताहरु हुन्।चामलमा हल्का वास्ना हुन्छ। यो जातको धान जेष्ठ महिनाको

तेस्रो/चौथो हप्तातिर व्याड राख्ने, आषाढको तेस्रो/चौथो हप्ता तिर लगाउने र कार्तिक महिनाको दोस्रो/तेस्रो हप्तातिर बाली कटानी गर्ने कृषकहरुको अनुभव रहेको छ।

### ४.६.३. उपयोग

यो धानको चामल धेरै मसिनो र नरम हुने हुंदा भात खानको लागी उत्तम मानिन्छ। यसको चालमबाट बनेको खिर धेरै नरम र मिठो हुनाले खिर पनि प्रमुख परिकार भित्र पर्दछ। यसका अलावा सेल रोटी वनाउन प्रयोग गरिन्छ। चामल मसिनो हुने भएकोले सबैले मन पराउने, बढी चाडवाडमा प्रयोग हुने गर्दछ। यसैगरी पराल नरम हुने र पशुबस्तुले बढी मन पराउने हुनाले पशुवस्तुको आहारको रुपमा बढी प्रयोग हुन्छ। परालको उचाई बढी हुने हुनाले गुन्द्री, चकटी, मुढा वनाउन पनि प्रयोग हुन्छ।

### ४.६.४. फैलावट

दाङ्ग जिल्लाको दाङ्ग उपत्यका भित्रका प्रशस्त पानी हुने गहिरो तथा खाला खेतमा लगाईने तिल्की धान लोप हुने अवस्थामा गैसकेको थियो । तर संरक्षण तथा सम्बर्द्धन गर्न कृषकहरु र विभिन्न संघ संस्थाहरु लागि परेकोले घोराही र तुल्सिपुर क्षेत्रका विभिन्न स्थानहरुमा लगाउने प्रचलन बढ्दो क्रममा छ। यो जानको धान दाङ्ग जिल्ला बाहेक अन्य क्षेत्रमा लगाएको हालसम्म जानकारी प्राप्त भएको छैन ।

### ४.६.५. तथ्यांकीय विवरणः

कृषकहरुको भनाई अनुसार लोप हुने अवस्थामा गै सकेको दाङ्ग जिल्लाको तिल्की जातको धान सम्बर्धन तथा संरक्षण द्वारा हाल झण्डै १५० हेक्टर क्षेत्रफलमा खेती गरिएको अनुमान रहेको छ। यसको उत्पादकत्व झण्डै ३.०-३.५ मेट्रिक टन प्रति हेक्टर हुने कृषकहरु वताउदछन् । यो जातको धान संरक्षणको लागी घोराही उपमहानगर पालिका १४ स्थित श्री महालक्ष्मी वीउ विजन तथा पशुपालन

कृषक समूहले पहल गरिरहेको र अन्य संस्थाहरु पनि संरक्षण कार्यमा लागि परेकोले लोप उन्मुख अवस्थामाबाट वाहिर आउन सकेको छ।

रासायनिक मलखाद विना पनि राम्रो उत्पादन लिन सकिने महत्वपूर्ण जात भएकोले प्राङ्गारिक खेती तथा अन्य वैकल्पिक खेतीमा समावेश गर्न सकिने जात रहेको छ। कम मलिलो जग्गामा पनि राम्रो उत्पादन हुने, प्राङ्गारिक मल मात्रको प्रयोगबाट पनि उत्पादन लिन सकिने, र वजारमा बढी मुल्य (झण्डै १५०-२०० रुपिया प्रति किलोग्राम) मा बिक्रि वितरण हुने भएकोले यस जातको आर्थिक महत्व बढी रहेको छ।

## ४.७. ढलुवा

### ४.७.१. परिचय

लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अति सिमित स्थानमा लगाईने ढलुवा धान परापूर्वकाल देखि नै खेती गरिने एउटा महत्वपूर्ण रैथाने जात हो। यो



माथागढी, पाल्पामा लगाईने ढलुवा धान

जात मध्यम मलिलो जग्गामा पनि उत्पादन दिने र खाला वा डांडा खेत दुवैमा उत्पादन गर्न सकिने कृषकको अनुभव रहेको छ। चामल विभिन्न परिकार बनाउन प्रयोग गरिन्छ भने पराल लामो हुने भएकोले गुन्द्री वनाउन उपयुक्त हुन्छ। झण्डै १०-१५ वर्ष अगाडि सम्म प्रशस्त क्षेत्रफलमा खेती गरिने जात हिजोआज बढी फल्ने वर्णशंकर तथा उन्नत जातहरुको प्रयोग भए संगै लोपोन्मुख अवस्थामा रहेको छ। यो जातको धान जेष्ठको दोस्रो/तेस्रो हप्तामा व्याड राख्ने, आषाढको दोस्रो/तेस्रो हप्तामा लगाउने र कार्तिकको अन्तिम हप्ता तिर वाली कटानी गरिन्छ।

## ४.७.२. जातिय गुंण तथा विशेषताहरु



ढलुवा धानको वालाहरु

यो जातको धानको दाना छोटो तथा डल्लो आकारको हुने, दानाको रंग पहेंलो हुने र बोट धेरै अग्लो हुन्छ। पहेंले धानको वोट अग्लो हुने र बढी नाईट्रोजनयुक्त मल प्रयोग भएमा ढल्दछ। यो धानको वोटको औषत उचाई १५० देखी १६० सेन्टिमिटर हुन्छ र बढी मल पाएमा सो भन्दा पनी वढी हुन्छ। प्रति वाला धानको दाना संख्या न्यून हुन्छ। अध्ययनको क्रममा यो धानको जातमा

ब्लाष्ट रोग बढी लागेको भेटिएको थियो। प्रति गांज वाला लाग्ने सराहरु औषतमा ८-११ वटा सम्म लागेको पाईएको थियो। यस जातको झण्डे पातको चौडाई १-१.५ सेन्टिमिटर र लम्बाई १२-१५ सेन्टिमिटर सम्म लामो हुन्छ। धानमा चिस्यानको मात्रा १४.३ प्रतिशत रहेको अवस्थामा १००० दानाको तौल २७.५० ग्राम मापन गरिएको थियो।

### ४.७.३. उपयोग

यो धानको चामल को आकार छोटो तथा मोटो र सेतो रंगको हुन्छ। यो चामल विशेष गरेर भात खान, खिर वनाएर खान र सेल रोटी वनाएर खान प्रयोग गरिन्छ। यसको पराल नरम हुने हुनाले गाई वस्तुले मन पराउछन् र पशुवस्तुको घाँसको रुपमा वढी प्रयोग हुन्छ। बोट अग्लो तथा पराल अग्लो हुने हुनाले गुन्द्री, चकटी, मुढा बनाउन पनि प्रयोग गरिन्छ।



ढलुवा धान

### ४.७.४. फैलावटः

ढलुवा धान पाल्पा जिल्लामा लगाईने एउटा महत्वपूर्ण रैथाने जात हो र यो धान धेरै थोरै मात्रामा पाल्पा जिल्लाको माथागढी गांउपालिका, तानसेन नगरपालिका र बगनासकाली गांउपालिका अन्तरगत पर्ने माडी फांटका सिमित कृषकहरुले लगाएको भेटिन्छ। कृषकहरु यो जात आधा रोपनी देखी एक रोपनी क्षेत्रफल सम्म लगाएको पाईन्छ। यो धानको क्षेत्रफल नगण्य मात्रामा रहेको छ र यो विस्तारै विस्तारै लोप हुने अवस्थामा छ।

**४.७.५. तथ्यांकीय विवरण** लोप हुने अवस्था तर्फ उन्मुख ढलुवा जात कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट रुपमा पाल्पा जिल्लाका केही पालिकाहरुको सिंचित क्षेत्रमा लगाएको पाईन्छ। यो जातको औषत उत्पादकत्व झण्डै २.९-३.१ मेट्रिक टन प्रति हेक्टर हुने कृषकहरु वताउदछन्। ढलुवा धान कमसल व्यवस्थापन तथा रासायनिक मलखाद विना पनि उत्पादन लिन सकिने महत्वपूर्ण जात भएकोले प्राङ्गारिक खेती तथा अन्य वैकल्पिक खेतीमा समावेश गर्न सकिन्छ। कम मलिलो जग्गामा पनि उत्पादन हुने, प्राङ्गारिक मल मात्रको प्रयोगबाट पनि उत्पादन लिन सकिने, वजारमा बढी मुल्य यस जातको संरक्षण, सम्बर्धन तथा क्षेत्र विस्तारबाट उत्पादन बृद्धि तथा जातिय विकासमा प्रयोग गर्न सकिने संभावना रहेको छ।

## ४.८. रातो अनदी

### ४.८.१. परिचय

लुम्बिनी प्रदेशका सवै जिल्लाहरुमा धेरै थोरै लगाईने रातो अनदी धान परापूर्वकाल देखि नै लगाईने एउटा महत्वपूर्ण रैथाने जात हो। यो धानको जात पानी प्रसस्त भएको खेतमा लगाउने प्रचलन छ। यसको चामल विभिन्न पर्वहरुमा विशेष परिकारहरु बनाउन प्रयोग गरिने भएकोले यसको आर्थिक महत्व संग संगै सांकृतिक महत्व पनि रहेको छ। यो जातको धान जेष्ठको तेस्रो/ चौथो हप्तामा

व्याड राखे, आषाढको तेस्रो/चौथो हप्तामा लगाउने र कार्तिकको तेस्रो/चौथो हप्ता तिर कटानी गरिन्छ।

## ४.८.२. जातिय गुंण तथा विशेषताहरु


रातो अनदी धानका वालाहरु

यो जातको धानको दाना मध्यम मोटो हुने र दानाको रंग पनि रातो हुने हुनाले यस लाई रातो अनदी भनेर भन्ने गरिन्छ। अनदी धानको वोट अग्लो हुने र बढी नाईट्रोजनयुक्त मल प्रयोग भएमा ढल्दछ। वोटको औषत उचाई १३० देखी १४० सेन्टिमिटर हुन्छ। यसको दानाको रङ्ग गाढा रातो हुन्छ। बढी मल पाएमा सो भन्दा पनी वढी हुन सक्ने र कम मलखाद भएमा कम उचाईको हुन्छ। वालामा औषत दाना संख्या १८० वटा तथा प्रति वाला दानाको औषत संख्या १२३ देखी २२५ वटा सम्म लागेको पाईन्छ। वालामा पोहोटा धानको दाना संख्या औषतमा १० वटा सम्म अध्ययनको क्रममा पाईएको थियो। प्रति गांज वाला लाग्ने सराहरु औषतमा ८-१२ वटा सम्म हुन्छन्। धानमा चिस्यानको मात्रा १४.३% रहेको अवस्थामा १००० दानाको औषत तौल ३०.११२ ग्राम मापन गरिएको थियो।

धानको वालाको डांढ छोटो हुने र पातको रंग हल्का हरियो रंगको हुन्छ। झण्डे पात मध्यम फराकिलो र लामो हुन्छ।

### ४.८.३. उपयोग

यो धानको चामल मध्यम मोटो हुने र चामल रातो रंगको हुन्छ। यो चामल विशेष गरेर खिर वनाउन, तराई क्षेत्रमा चिचर वनाउन (एक किसिमको परिकार) र पहाडी क्षेत्रमा खाजा/चाम्रे (तिजको पर्वमा घिउ राखेर पकाउने परिकार) वनाउन प्रयोग गरिन्छ। यो चामलको भात खाने प्रचलन छैन। यसको चालमबाट बनेको खिर धेरै मिठो हुने कृषकहरुको भनाई रहेको छ। यसको पराल नरम हुने हुनाले गाई वस्तुले मन पराउछन् र पशुवस्तुको घाँसको रुपमा वढी प्रयोग हुन्छ। पराल अग्लो हुने हुनाले गुन्द्री, चकटी, मुढा बनाउन पनि प्रयोग गरिन्छ।


पाल्पा जिल्लामा लगाएको रातो अनदी धान

### ४.८.४. फैलावट

रातो अनदी धान एउटा महत्वपूर्ण रैथाने जात हो र यो धान प्रदेशका सवै जिल्लामा कम क्षेत्रफलमा लगाएको पाईन्छ। चामल भात खान प्रयोग नगरिने र चाडपर्वहरुमा थोरै मात्रामा विभिन्न परिकार वनाउन मात्र प्रयोग हुने हुनाले कृषकहरुले एक दुई कठ्ठा वा रोपनीमा लगाउने प्रचलन छ। यो धानको क्षेत्रफल नगण्य मात्रामा रहेको छ र यसको क्षेत्रफल विस्तारै विस्तारै घट्दो क्रममा रहेको छ।

### ४.८.५. तथ्यांकीय विवरण

लोप हुने अवस्था तर्फ उन्मुख रातो अनदी धान कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट प्रदेशका सवै जिल्लामा हाल सम्म पनि लगाएको पाईन्छ। रातो अनदी धानको औषत उत्पादकत्व झण्डै ३.०-३.२ मेट्रिक टन प्रति हेक्टर हुने कृषकहरु वताउदछन्। कमसल व्यवस्थापन तथा रासायनिक मलखाद विना पनि उत्पादन लिन सकिने महत्वपूर्ण जात भएकोले प्राङ्गारिक खेती तथा अन्य वैकल्पिक खेतीमा पनि समावेश गर्न सकिन्छ।

## ४.९. सिम्थारो

### ४.९.१. परिचय

दाङ्ग उपत्यकाको घोराही र तुल्सिपुर क्षेत्रका कम सिंचित टांडी क्षेत्रहरुमा खेती गरिने सिम्थारो जातको धान परापूर्वकाल देखीनै सो क्षेत्रको एउटा महत्वपूर्ण रैथाने जात हो। यो धानको जात कम पानीमा पनि हुने हुनाले सिंचाई सुविधा नभएको क्षेत्रमा लगाउने गरिन्छ। यो जात छरुवा विधिवाट पनि खेती गर्न सकिने हुनाले कम जनशक्ति भएको परिवारले सजिलै खेती गर्न सक्छन् । चामल विभिन्न रोग भएकाले खान हुन्छ भन्ने कृषकहरुको मान्यता छ। पहिले पहिले प्रशस्त खेती गरिने यो जात हिजोआज कम क्षेत्रफलमा खेती गरेको पाईन्छ। तथापि यसका

विशिष्ट गुणका कारण केही ठुला कृषक तथा संरक्षणमा रुचि राख्ने कृषक र संघ संस्थाहरुले खेती गरी संरक्षण गरिरहेका छन्। यो जातको धान जेष्ठको तेस्रो/चौथो हप्तामा व्याड राख्ने, आषाढको तेस्रो/चौथो हप्तामा लगाउने र कार्तिकको पहिलो/दोस्रो हप्ता भित्र कटानी गर्ने गरिन्छ।

## ४.९.२. जातिय गुंण तथा विशेषताहरु

यो जातको धानको दाना मोटोहुने, रंग कालो हुने र दानाको टुप्पोमा झुस (own) भएको हुन्छ। धान होचो हुन्छ र वोटको उचाई औषतमा ९० देखी १०० सेन्टिमिटर हुन्छ। धानको रङ्ग खैरो हुन्छ। अध्ययनका क्रममा वालामा औषत दाना संख्या ७० वटा तथा प्रति वाला दानाको संख्या ५२ देखी ८६ वटा सम्म लागेको पाईएको थियो। वालामा पोहोटा धानको संख्या औषतमा १८ वटा भेटियो। प्रति गांज वाला लाग्ने सराहरु औषतमा ५-९ वटा हुन्छन्। धानमा चिस्यानको मात्रा १३.८% रहेको अवस्थामा १००० दानाको औषत तौल २४.०१६ ग्राम मापन गरिएको थियो। धानको वालाको डांढ छोटो हुने र पातको रंग हल्का हरियो



घोराही १४ कपासी वगैचा, दाङ्गका कृषक श्री टेक बहादुर ओलीले लगाएको सिम्थारो धान

रंगको हुन्छ। झण्डे पात साघुरो र छोटो हुन्छ। अरु जातको भन्दा उत्पादन कम हुन्छ।

### ४.९.३. उपयोग

यो धानको चामल मोटो र रातो रंगको हुने तथा भात अडिलो हुने हुंदा बढी शारिरिक काम गर्नेका लागी उत्तम हुने कृषकहरुको मान्यता रहेको छ। मधुमेह रोग भएका व्याक्तिहरुले यो चामलको भात खानको लागी उत्तम हन्छ भन्ने कृषकहरुको मान्यता रहेको पाईन्छ। यसको चालमबाट बनेको खिर धेरै स्वादिष्ट हुने कृषकहरुको अनुभव छ। भात स्वादिलो, रसिलो र मिठो हुनाले धेरैले मन पराउदछन्। यसको पराल होचो भएता पनि नरम र मिठो हुनाले गाई वस्तुले बढी मन पराउदछन्।

**४.९.४. फैलावट** कम पानी भए पुग्ने महत्वपूर्ण रैथाने जात भएकोले पहिले पहिले दाङ्ग जिल्लाको दाङ्ग उपत्यका भित्रका विभिन्न क्षेत्रहरुमा लगाउने प्रचलन भएपनि


सिम्थारो धानको वालाहरु

हाल यो धानको क्षेत्रफल नगण्य मात्रामा रहेको र सिम्थारो धान लोप हुने अवस्थामा

गैसकेको छ। हाल केही संरक्षण तथा सम्बर्द्धन गर्ने कृषकहरुले सिम्थारो जातको संरक्षण गरिरहेका छन् ।

### ४.९.५. तथ्यांकीय विवरण

लोप हुने अवस्थामा गै सकेको सिम्थारो धान सम्बर्धन तथा संरक्षण सुरु गरिएता पनि क्षेत्रफलमा खासै वृद्धि हुन सकेको छैन। कृषकहरुका अनुसार कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट घोराही क्षेत्रको टांडी जग्गामा सिमित कृषकहरुले लगाएको जानकारीमा आएको छ। यस जातको औषत उत्पादकत्व अन्य जातको तुलनामा धेरै कम झण्डै १.५-२.० मेट्रिक टन प्रति हेक्टर हुने कृषकहरु वताउदछन्। उत्पादन कम भएता पनि यो धानको चामलको बजार मुल्य प्रति किलोग्राम २०० रुपिया भन्दा वढी हुनाले व्यवसायिक खेती गर्दा पनि उत्तम हुने कृषकहरुको भनाई रहेको छ। यो जातको धान संरक्षणको लागी घोराही उपमहानगर पालिका १४ स्थित श्री महालक्ष्मी वीउ विजन तथा पशुपालन कृषक समूहले केहि पहल गरेको पाईन्छ। सिम्थारो धान खेतवारीमा खसेर अर्को साल आंफै उम्रि उत्पादन दिने क्षमताको हुन्छ। कमसल व्यवस्थापन तथा रासायनिक मलखाद विना पनि उत्पादन लिन सकिन्छ।

## ४.१०. सेतो अनदी

### ४.१०.१. परिचय

सेतो अनदी धान लुम्बिनी प्रदेशका नवलपरासी, रुपन्देही, कपिलवस्तु जिल्लाहरुमा धेरै थोरै मात्रामा परापूर्वकाल देखि नै लगाईने एउटा महत्वपूर्ण रैथाने जात हो। चामल विभिन्न पर्वहरुमा विभिन्न परिकार बनाउन प्रयोग गरिने भएकोले यसको आर्थिक महत्व संग संगै सांकृतिक महत्व पनि रहेको छ। यो जात कृषकहरुले आफ्नो घरायसी प्रयोजनको लागी लगाउने प्रचलन बढी छ। यो जातको धान जेष्ठको तेस्रो/चौथो हप्तामा व्याड राख्ने, आषाढको दोस्रो/तेस्रो हप्तामा लगाउने

र असौजको अन्तिम हप्ता देखि कार्तिक पहिलो हप्ता सम्ममा वाली कटानी गर्ने गरिन्छ।

## ४.१०.२. जातिय गुंण तथा विशेषताहरु

धानको दाना मोटो हुने, रंग अरु धानको जस्तै खैरो हुने र दानाको आकार छोटो हुन्छ। सेतो अनदी धानको वोट मध्यम होंचो हुने हुनाले राम्रो मलखाद व्यवस्थापनमा पनि नढल्ने कृषकहरु वताउदछन्। सेतो अनदी जातको वोटको



सुनवल १३ असनहिया, नवलपरासीका कृषक श्री दिपेन्द्र चौधरीले लगाएको सेतो अनदी धान

उचाई औषतमा १०० देखी ११० सेन्टिमिटर तथा बढी मलखाद पाएको अवस्थामा सो भन्दा केही वढी अग्लो हुन्छ। प्रति गांज वाला लाग्ने सराहरु औषतमा १०-१२ वटा सम्म हुन्छन्। धान हल्का पराले रङ्गको हुन्छ। धानमा चिस्यानको मात्रा १४.३% रहेको अवस्थामा १००० दानाको तौल २४.६७ ग्राम पाईएको थियो। यसै गरि धानको वालाको डांढ छोटो हुने र पातको रंग हल्का हरियो रंगको हुन्छ। झण्डे पात लामो र मध्यम फराकिलो हुन्छ। यो जात झण्डै १००-११० दिनमा पाक्ने कृषकको भनाई रहेको छ।

## ४.१०.३. उपयोग

चामल मोटो सेतो रंगको हुन्छ। यसको चामल विशेष गरेर भुजा, खिर, र चिचर वनाउन (एक किसिमको परिकार) वनाउन प्रयोग गरिन्छ। यसको धानबाट बनेको भुजा अति स्वादिलो हुने र खिर पनि धेरै स्वादिष्ट हुने कृषकहरुको भनाई रहेको पाईन्छ। पराल गाई पशुवस्तुलाई खुवाउन प्रयोग गरिन्छ।



सेतो अनदी धान

## ४.१०.४. फैलावट

सेतो अनदी धान एउटा महत्वपूर्ण रैथाने जात हो र नवलपरासी, रुपन्देही तथा कपिलवस्तु जिल्लामा धेरै थोरै क्षेत्रफलमा लगाईन्छ। चामल चाडपर्वहरुमा विभिन्न परिकार वनाउन प्रयोग हुने हुनाले कृषकहरुले एक दुई कठ्ठा क्षेत्रफलमा लगाउने प्रचलन छ। यो धानको क्षेत्रफल नगण्य मात्रामा रहेको छ र यो विस्तारै विस्तारै क्षेत्रफल घट्दो क्रममा रहेको छ।

### ४.१०.५. तथ्यांकीय विवरण

लोप हुने अवस्था तर्फ उन्मुख सेतो अनदी धान कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि फाट्ट फुट्ट रुपमा लुम्बिनी अञ्चलका तराई जिल्लाहरुमा लगाएको पाईन्छ। सेतो अनदी धानको औषत उत्पादकत्व झण्डै ३.०-३.२ मेट्रिक टन प्रति हेक्टर हुने कृषकहरु वताउदछन्। उत्पादन कम भएता पनि यो धानको चामलको बजार मुल्य प्रति किलोग्राम १२५ रुपिया भन्दा वढी हुनाले व्यवसायिक खेती गर्दा पनि उत्तम हुने कृषकहरुको भनाई रहेको छ। कमसल व्यवस्थापन तथा रासायनिक मलखाद विना पनि उत्पादन लिन सकिन्छ। कृषकहरुका अनुसार प्यारालाईसिस रोग भएकाले खान उत्तम हुने हुदा खोजी खोजी लैजाने भएकोले आर्थिक महत्व बढीरहेको जानकारी पाईन्छ। यस जातको संरक्षण, सम्बर्धन तथा क्षेत्र विस्तारबाट उत्पादन बृद्धि तथा जातिय विकासमा प्रयोग गर्न सकिने संभावना रहेको देखिन्छ।

## ४.११ हंशराज

### ४.११.१. परिचय

हंशराज धान गुल्मी जिल्लाको छल्दी र पनाहा खोला किनारका फांटहरुमा खेती गरिने धानको एउटा महत्वपूर्ण रैथाने जात हो। यो धानलाई पानी बढी चाहिने हुनाले खोला किनारका गैरी खेतहरुमा हाल सम्म पनि लगाईने गरिन्छ। पहिले पहिले उक्त क्षेत्रको लागी धानको प्रमुख जात रहेकोमा हिजोआज बढी फल्ने अन्य जातहरु कृषकहरुले ग्रहण गरे संगै यो जातको क्षेत्र घट्दो क्रममा रहेको छ। तथापि यसका विषेश गुणहरुका कारण अन्य भौगोलिक क्षेत्रका कृषकहरुले पनि लगाउन सुरु गरेका छन्। हाल यो धान छल्दी र पामशम  खोला किनारका झण्डै

१० प्रतिशत क्षेत्रफलमा खेती हुदै आएको सो धान लगाउने कृषकहरुको भनाई रहेको छ।

### ४.११.२. जातिय गुंण तथा विशेषताहरु

यो जातको धानको दाना लामो आकारको हुन्छ। धानको वालामा १६० देखी १७० सम्म दाना हुन्छ। बोटको उचाई १५० देखी १६० सेन्टीमिटर सम्म



हंशराज धानको वालाहरु

अग्लो हुन्छ। धानको दाना हल्का पराले रङ्गको हुन्छ। यो जातको धानका गांजमा सराहरु ७-१२ वटा सम्म भएको पाईन्छ। यसको झण्डे पात सांघुरो र मध्यम लामो आकारको हुन्छ। धानमा चिस्यानको मात्रा १३.२% भएको अवस्थामा १००० दानाको तौल २७.४५ ग्राम मापन गरिएको थियो।

### ४.११.३. उपयोग

चामल सामान्यतया भात खानको लागी प्रयोग गरिन्छ। अन्य प्रमुख परिकारहरुमा खिर र सेलरोटी वनाउनको लागी उत्तम मानिन्छ। कृषकहरु यो

जातको चामलमा अन्य धानको चामलमा भन्दा बढी पौष्टिक पदार्थ हुने विस्वास राख्छन् र विरामी, बच्चा र सुत्केरी महिलाहरुको आहारको लागी बढी लाभदायी हुने विस्वास गर्दछन् । सांस्कृतिक रुपमा हंशराज धानको चामल पूजाआजामा उपयोग हुने गर्दछ। यसैगरी पराल वास्नादार र नरम हुने र पशुवस्तुले बढी मन पराउने हुनाले पशुवस्तुको आहारको रुपमा प्रयोग हुन्छ। पराल अली लामो हुने हुनाले गुन्द्री, चकटी, मुढा आदी वनाउन पनि प्रयोग गरिन्छ।

## ४.११.४. फैलावट


धुर्कोट ५ वस्तु, गुल्मीका कृषक श्री मित्रलाल भण्डारीले लगाएको हंशराज धान

गुल्मी जिल्लाको छल्दी र पनाहा खोला किनारका फांटमा लगाउने यो हंशराज धान अहिले अन्य पालिकाहरुमा विस्तार भैरहेको छ। यद्यपि भुगोलको रुपमा क्षेत्र विस्तार भए पनि क्षेत्रफल भने खासै नवढेको कृषि ज्ञान केन्द्र गुल्मीको भनाई रहेको छ।

## ४.११.५. तथ्यांकीय विवरण

यो जातको धान कति क्षेत्रफलमा लगाईन्छ भन्ने यकिन तथ्याङ्क नभए पनि कृषि ज्ञान केन्द्रका अनुसार गुल्मी जिल्लामा झण्डै ५० हेक्टर क्षेत्रफल आसपास लगाईने अनुमान गरिएको छ। यो जात पहिले पहिले पाल्पा जिल्लाको माडी फांटमा पनि लगाईने पुराना कृषकहरुको अनुभव रहेको छ तर हिजो आज उक्त क्षेत्रमा लगाएको जानकारी पाउन सकिएको छैन। यो धानको औषत उत्पादकत्व ३.०-३.५ मेट्रिक टन प्रति हेक्टर जति रहेको कृषकहरुको अनुमान छ। यो धान आषाढको पहिलो हप्तामा व्याड राख्ने, श्रावणको पहिलो हप्तामा लगाउने र कार्तिकको अन्तिम हप्ता तिर काट्ने गरिन्छ।धानबालीको महत्वपूर्ण रैथाने जात भएकोले हंशराजको संरक्षण आवस्यक छ। यो जात सूचिकरण गरी जातिय विकासमा प्रयोग गर्न सकेमा संरक्षण हुनुका साथै आर्थिक महत्व बढ्ने विस्वास लिन सकिन्छ।

## ५. निष्कर्ष

लुम्बिनी प्रदेशमा धानबालीका विभिन्न रैथाने जातहरुको खेती हुदै आईरहेको छ। यद्यपि यि जातहरुको खेती घट्दोक्रममा छ र यदि यहि अनुपातमा घट्दै गएमा छोटो समयमा नै यि जातहरु लोप हुने अवस्थामा जान सक्ने देखिन्छ। तसर्थ यि जातहरुको संरक्षण र सम्बर्धन गर्नु सरकारी तथा अन्य सवै सरोकारवालाहरुको प्रमुख दायित्व हुन आउदछ। यसका लागी ति जातहरुको विद्यमान अवस्थाका वारेमा सहि सूचना आवस्यक हुन्छ। यस पुष्तिकामा उल्लेख गरिएका जातहरुले मात्र सवै सूचना दिन सकेको अवस्था छैन।त्यसकारण यसमा छुट हुन गएका प्रदेश भित्र खेती गरिने अन्य रैथाने जातहरु जस्तै मनसरा, पंहेले, आंगाधान (चामल रातो हुने), पढनी, सरया, तिन्ना जस्ता धेरै जातहरुको अध्ययन तथा सूचना संकलन छुट हुन गएको छ। आउंदा वर्षमा हाल छुटेका र यसमा उल्लेख गरिएका सम्पूर्ण रैथाने जातहरुको अझ बिस्तृत अध्ययन तथा सूचना संकलन गर्ने र उक्त जातहरुको संरक्षण र सम्बर्धनमा ध्यान पुर्याउन सवै क्षेत्रको सकृय सहभागिता आवस्यक देखिन्छ।

## सन्दर्भ सामाग्रीहरु

कृषि विकास निर्देशनालय (२०२३)। बार्षिक प्रगती तथा तथ्याङ्क पुस्तिका २०७९/०८०। बुटवल, लुम्बिनी प्रदेश, नेपाल।

Emon, R. M., & Ahammed, G. J. (2020). Germplasm and genetic diversity studies in rice for stress response and quality traits. In *Rice Research for Quality Improvement: Genomics and Genetic Engineering: Volume 1: Breeding Techniques and Abiotic Stress Tolerance* (pp. 47-60). Singapore: Springer Singapore. https://doi.org/10.1007/978-981-15-4120-9_3

Nene, Y. L. (2005). Rice research in South Asia through ages. *Asian Agri-History*, *9*(2), 85-106. https://www.asianagrihistory.org/pdf/articles/R-r.pdf

Patra, B. C., Marndi, B. C., Sanghamitra, P., Samantaray, S., Umakanta, N., & Katara, J. L. (2018). Rice genetic resources: Collection, conservation, maintenance and utilization. *Rice Research for Enhancing Productivity, Profitability and Climate Resilience*, *542*, 18. https://krishi.icar.gov.in/jspui/bitstream/123456789/31966/1/1.1.pdf

Sweeney, M., & McCouch, S. (2007). The complex history of the domestication of rice. *Annals of botany*, *100*(5), 951-957. https://doi.org/10.1093/aob/mcm128

## थप जानकारीको लागिः




नामः राम प्रसाद पाण्डे
पदः कृषि प्रसार निर्देशक
कार्यरत कार्यालयः कृषि विकास निर्देशनालय
ईमेलः rpandyu@gmail.com
सम्पर्क नं.: ९८५७०६०३६४



लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बुटवल, नेपाल

फोन नं. ०७१-५३३१०५, ०७१-५३३१०६
Website : https://doad.lumbini.gov.np
Email: doad.p5@gmail.com, doadplanningp5@gmail.com